म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २८७ विहीबार १२ जेठ २०७९ ने. सं. ११४२ बछलाथ्व 26 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्थानीय तहमा कार्यपालिका सदस्य चयनको तयारी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ मकवानपुर जिल्लाको स्थानीय तहहरुमा कार्यपालिका सदस्य चयन प्रक्रिया सुरु भएको छ ।

जिल्लामा रहेको १० वटै स्थानीय तहले आन्तरिक निर्वाचन प्रक्रियाबाट कार्यापालिका गठन प्रक्रिया सुरु गरेका हुन् । उत्तरी मकवानपुरको थाहा नगरपालिकाले भने कार्यपालिका सदस्य निर्वाचन प्रक्रिया टुंग्याइसकेको छ । कार्यपालिका निर्वाचनका लागि पालिकाभित्रका निर्वाचित प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा सदस्य मतदाता रहने व्यवस्था छ । कार्यपालिका सदस्य निर्वाचित भएपछि मात्र स्थानीय सरकारले पूर्णता पाउने छ ।

# बागमती प्रदेश सरकारको बजेट खर्च निराशाजनक

साझाकुरा संवाददाता

हेटौंडा, ११ जेठ/ चालु आर्थिक वर्षको १० महिनामा बागमती प्रदेश सरकारको बजेट खर्च निराशाजनक देखिएको छ ।

आर्थिक वर्ष २०७८/०७९ को १० महिनामा प्रदेश सरकारले कुल बजेटको ३५ प्रतिशतमात्रै खर्च गर्न सकेको छ । आर्थिक वर्ष सकिन करिब डेढ महिनामात्रै बाँकी रहँदा कुल बजेटको ३५ प्रतिशतमात्रै खर्च हुनुले प्रदेश सरकारको बजेट खर्च निराशाजनक देखिएको हो । चालु आर्थिक वर्षमा प्रदेश सरकारले ५७ अर्ब ७७ करोड ६४ लाख २७ हजार रुपियाँको बजेट ल्याएको थियो । जसमध्ये हालसम्म २० अर्ब ५४ करोड ९२ लाख २९ हजार ६ सय ७२ रुपियाँमात्रै खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । बजेट खर्चलाई बढाउन नसकेको प्रदेश सरकारले चालु आर्थिक वर्षमा पनि बजेट खर्च बढाउन गतवर्षकै कार्यलाई निरन्तरता दिने भएको छ । खर्च बढाउन आर्थिक वर्षको अन्तिममा जथाभावी बजेट बाँढ्दै आएको प्रदेश सरकारले यसवर्ष पनि सो कार्यलाई निरन्तरता दिने देखिएको हो ।




हाल नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस तथा नेकपा एकिकृत समाजवादीले प्रदेश सरकारको नेतृत्व गरिरहेको छ । एमालेले प्रदेश सरकारको नेतृत्व गर्दा बजेट खर्च गर्न नसकेको भन्दै यी दलहरुले विरोध गर्ने गरेका थिए । हाल सत्तामा रहेका दलहरुले प्रतिपक्षमा हुँदा अघिल्लो सरकारले बजेट खर्च गर्न नसकेको तथा आर्थिक वर्षको अन्तिम समयमा मात्रै बजेट खर्च गरेको भन्दै विरोध गर्दै आएका थिए । तर, अहिले आफैले प्रदेश सरकारको नेतृत्व गरेको ७ महिना भइसक्दा पनि प्रदेश सरकारको बजेट खर्चलाई बढाउन सकेको छैन । गएको आर्थिक वर्ष २०७७/०७८ मा डोरमणि पौडेल नेतृत्वको सरकारले असार एक महिनामा मात्रै १२ अर्ब रुपियाँ बजेट खर्च गरेको थियो । अघिल्लो सरकारले मनलाग्दी रुपमा खर्च गरेको भन्दै विरोध गरेको दलहरुले आफू सत्तामा पुगेपछि सोही घटनालाई दोहोऱ्याउने छाँट देखाएका छन् । मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेश सरकारको काम छिटो, छरितो र प्रभावकारि बनाउने भन्दै ८ वटा मन्त्रालयलाई फुटाएर १४ वटा समेत बनाएका छन् । गत वर्षको तुलनामा चालु आवमा ६ वटा मन्त्रालय र १० जना मन्त्रीहरु थप गरिएको भएपनि बजेट खर्च भने अघिल्लो सरकारको भन्दा कमजोर देखिएको प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांकले देखाएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेशमा रहेका मन्त्रालयहरुमध्ये सबैभन्दा कम बजेट खर्च गर्नेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय रहेको छ ।

तीन अर्ब ७० करोड २९ लाख ७७ हजार कुल बजेट रहेको उक्त मन्त्रालयले १० महिनाको अवधिमा कुल बजेटको ४ प्रतिशत अर्थात १५ करोड ७८ लाख पाँच हजार दुईसय ५३ रुपियाँ मात्रै खर्च गर्न सकेको छ । सबैभन्दा धेरै बजेट खर्च आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको तथ्यांकले देखाएको छ । उक्त मन्त्रालयले ३५ करोड ६४ लाख १८ हजार रुपैयाँ बजेट रहेकोमा २४ करोड ६० लाख ४ सय ४६ रुपैयाँ खर्च गर्न सफल भएको छ । जुन कुल बजेटको ६९ प्रतिशत हो । भौतिक पूर्वाधार विकास मन्त्रालयले ३६ प्रतिशत बजेट खर्च गरेको छ । कार्यालयले दिएको जानकारी अनुसार तीन अर्ब ७६ करोड ४९ लाख ३२ हजार कुल बजेट रहेको भौतिक मन्त्रालयले एक अर्ब ९९ लाख ३१ हजार ४ सय १९ रुपैयाँ खर्च गरिसकेको छ । नौ अर्ब ९७ करोड ५५ लाख ८४ हजार रुपैयाँ बजेट रहेको सामाजिक विकास मन्त्रालयले कुल बजेटको ३० प्रतिशत अर्थात् दुई अर्ब ९९ करोड ५९ लाख ८३ हजार ८ सय ४२ रुपैयाँ खर्च गरेको हो । त्यस्तैगरि ४ अर्ब ३१ करोड ३८ लाख एक हजार रुपैयाँ बजेट पाएको उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालयले बजेटको २९ प्रतिशत खर्च गरेको छ । उसले चालु आवको १० महिनाको अवधिमा एक अर्ब २८ करोड ९८ लाख ३८ हजार ४ सय ५० खर्च गरेको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयले कुल बजेटको २६ प्रतिशत खर्च गर्न सकेको छ । तीन अर्ब ७६ करोड ४९ लाख ३२ हजार मध्ये एक अर्ब ९९ लाख ३१ हजार ४ सय १९ रुपैयाँ खर्च गरेको हो । ८६ करोड ४६ लाख ४५ हजार रुपैयाँ बजेट पाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १० महिनाको अवधिमा १४ करोड ४७ लाख २५ हजार ६ सय ६ रुपैयाँ खर्च गरेको छ । जुन कुल बजेटको १६ प्रतिशत मात्रै हो । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेलले भने चालु आवको बजेट खर्चलाई ६५ प्रतिशतसम्म पुऱ्याउने दावी गरेका छन् । १० महिनामा ३५ प्रतिशत मात्रै खर्च गरेको प्रदेश सरकारले बाँकी डेढ महिनामा थप ३० प्रतिशत बजेट खर्च गर्ने दावी गर्नुले पुन: एकपटक बजेट खर्चमा मनलाग्दी हुने देखिएको छ । मन्त्री जम्कट्टेलले भने प्रदेशमा भएका विभिन्न विकासका कार्यहरुको भुक्तानी गर्न बाँकी रहेको भन्दै बजेट खर्च ६५ प्रतिशत सम्म पुर्याउने दावी गरेका छन् ।

## महिलाहरुलाई डिजिटल कारोबारको ज्ञान

हेटौंडा ११, जेठ/ मकवानपुरको उत्तरी क्षेत्रका महिलाहरुलाई वित्तिय संस्थामा डिजिटल कारोबार गर्नेबारे साक्षरता प्रदान गरिएको छ ।

थाहा नगरपालिकामा रहेको महालक्ष्मी बिकास बैंकले महिलाहरुलाई नगदे कारोबारलाई निरुत्साहन गरी डिटिजल विधि प्रयोग गर्न सिकाइएको हो । डिजिटल कारोबार गर्दा सहज, छिटोछरितो तथा भरपर्दो हुनेबारे जानकारी गराउँदै डिजिटल कारोबार बारे जानकारी गराइएको छ । थाहाका ग्रामिण महिलाहरुलाइ डिजिटल बैंक तथा मोबाइल बैंकिङ सेवा, एटीएम, क्युआर कोड तथा बैंकिङ कारोबार सम्बन्धि जानकारी दिने उद्देश्यले डिजिटल साक्षरता सम्बन्धि एक दिने अभिमुखिकरण कार्यक्रम भएको हो ।

शिखरकोटस्थित थाना बजारमा रहेको बैंकको आफ्नै कार्यालयमा भएको कार्यक्रममा महिलाहरुले कारोबार गर्दा नगदमा भन्दा डिजिटल माध्यममा कारोवार गर्दा हुने फाइदाको बारेमा जानकारी गराइएको बैंकका व्यवस्थापक संगिता बज्राचार्यले जानकारी दिइन् । थाहा नगरका पुरुषहरुले डिजिटल माध्यमबाट कारोबार गर्दै आएको तर, व्यावसाय गरेर बसेका महिलाहरुमा डिजिटल ज्ञान नभएकाले साक्षरता प्रदान गरिएको उनले बताइन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्यास रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट
YADEA e-SCOOTER का विशेषताहरु:
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ ट्यूबलेस टायर ☞ ब्याट्रिमा एक वर्ष वारेन्टी
बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

हार्दिक बधाई तथा शुभकामना



नेपाल अडिटर्स एसोसिएसन (अडान) बागमती प्रदेश समितिको अध्यक्ष पदमा श्री रामकुमार बर्तौला पुन: निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।
मकालु टायर एण्ड कन्सर्न प्रा.लि.
हेटौडा-११

साझाकुरा

## हाम्रो कुरा

# असुरक्षित महिला-बालिका

८ वर्ष अगाडिको सौन्दर्य प्रतियोगितापछि सहभागीमाथि भएको बलात्कार घटना, काठमाडौंकै एक विद्यालयकी छात्रामाथि शिक्षकले गरेको यौन दुर्व्यवहार, मकवानपुरकै बागमती गाउँपालिकाको जनता माविमा केही महिनाअघि तीन शिक्षकबाट बालिकामाथि भएको यौन दुर्व्यवहारका घटनाले महिला र बालिका समाजमा कति सुरक्षित छन् भनेर प्रष्टसँग देखाएको छ । विद्यालयदेखि सौन्दर्य प्रतियोगिता कतै महिला र बालिका सुरक्षित छैनन् । उनीहरुलाई सुरक्षाबारे यतिबेला देशभर चिन्ता व्यक्त भइरहेको छ । देशमा महिला र बालिकाहरुको बलात्कार तथा बलात्कारपछि हत्या र आत्महत्या दैनिक बढिरहेको तथ्याङ्कले देखाउँछ । २०५३ सालदेखि ०७७ सम्मको २४ वर्षभित्र सार्वजनिक तथ्याङ्क अनुसार देशभर १४ हजार ६ सय ३८ जना महिला तथा बालिकाहरु बलात्कृत भएका छन् । यो तथ्याङ्कले देशमा महिला र बालिका कति सुरक्षित भन्ने विषयलाई गम्भीर बनाएको छ । नेपालमा प्रत्येक वर्ष करिब २० प्रतिशतका दरले बलात्कारका घटनाहरु बढिरहेको छ । यो मुलुकको ठूलो चिन्ताको विषय बनिरहेको छ । २०७६ चैतदेखि सात महिनाभित्रको तथ्याङ्क हेर्दा देशमा दैनिक सात जना महिला तथा बालिकाहरु बलात्कृत हुने गरेको देखिन्छ । समाजमा आपराधीकरणको बृद्धि कुन हद्सम्म भइरहेको छ भन्ने विषयले आमजनमानसमा त्रास पैदा गरेको छ ।

महिला तथा बालबालिकामाथि हुने गरेका यौनजन्य हिंसाका लागि सरकारले प्रभावकारी काम गर्न सकेन् । यसले आफू असुरक्षित महशुस गरिरहेका महिला तथा बालबालिकाहरुलाई ठूलै आघात पुगेको छ । ८ वर्षअघि बलात्कृत युवतीले न्याय नपाउने हो की भन्ने आज चिन्ताले सरकारले हटाएको छ । युवतीलाई बलात्कार गर्ने मनोज पण्डित यतिबेला प्रहरी हिरासतमा छन् । बलात्कार जस्तो जघन्य अपराधबिरुद्धको कानुनमा उजुरी गर्नसक्ने हदम्यादका कारण पीडित युवतीले भिडियोमै तनाव व्यक्त गरेकी थिइन् । तर, राज्यले युवतीको चित्कार सुन्यो र पण्डित पक्राउ परेका छन् । बलात्कारको कानुनमा १ वर्षभित्र उजुरी गरिसक्नुपर्ने प्रवधान हटाउन सरकार तयार रहेको प्रधानमन्त्री शेरबहादुर देउवाले बताएका छन् । बुधवारमात्रै काठमाडौंमा महिला नेतृहरुले हद्म्याद हटाउन र कडा सजायको व्यवस्था गर्न माग गरेका थिए । नेपालमा बलात्कारलगायत यौनजन्य हिंसामा कठोर कानूनी व्यवस्था गर्नुपर्ने माग पहिल्यैदेखि उठ्दै आएको छ । २०७२ मा संविधान निर्माणको समयमा पनि बलात्कारीलाई मृत्युदण्डलगायतका कठोर कानून बनाउनु पर्ने माग उठेको थियो ।

महिला अधिकारवादी संस्थाहरुले निरन्तर सरकारलाई कठोर कानूनी व्यवस्थाका लागि दबाद दिँदै आएका छन् । यद्यपि कठोर कानूनले मात्रै बलात्कारका घटनामा न्यूनिकरण आउने सम्भावना भने छैन । बलात्कारका घटना बढ्नुका विभिन्न कारणमध्ये प्रोनोग्राफी पनि एउटा हो । इन्टरनेटको दुरुपयोगकै कारण बलात्कारका घटना बढिरहेको प्रहरीको अनुसन्धानले देखाएको छ । छोरीहरु बलात्कारपछि हत्याको शिकार हुने देशको एउटा नागरिकको परिचय दिँदा कस्को शिर ठाडो रहन्छ ? बलात्कारपछि हत्या गर्ने घटना कुकर्मको पराकाष्ठा हो । क्रुर मानसिकताका नरपिशाचबाट हुने बलात्कारको घटनाले समाजलाई नै स्तबध बनाएका छन् भने देश नै बलात्कृत भएको अनुभूत गराउने गरेको छ । विद्यालयबाट घर जाँदा जंगलमै बलात्कार र हत्याको शिकारमा हुनुपर्ने अवस्थाको अन्त्य नभएसम्म देशमा महिला र बालिका सुरक्षित हुँदैनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ १२ गते बिहीबार २६ अप्रिल २०२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नातागोतासँग भेटघाट हुनेछ | **तुला** | : नबोली बस्दा राम्रो हुनेछ |
| **वृष** | : रोकिएको कामहरु बन्नेछ | **वृश्चिक** | : प्रेममा विवाद आउनसक्नेछ |
| **मिथुन** | : आनन्दको महसुस हुनेछ | **धनु** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **कर्कट** | : मन चन्चल हुनेछ | **मकर** | : हाँसखेलमा दिन जानेछ |
| **सिंह** | : मान-सम्मान बढ्नेछ | **कुम्भ** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **कन्या** | : धन लाभ हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# 'कस्मोपोलिटन' काठमाडौंमा 'कस्मेटिक पोलिटिक्स'को प्रभाव



✍शिरीषवल्लभ प्रधान

काठमाडौं मेट्रोपोलिटन सिटी अर्थात् काठमाडौं महानगरको यसपालिको चुनावको मतगणनाको प्रवृत्तिलाई विश्लेषण गर्दा एक अनौठो तथा रोचक परिदृश्य हाम्रो सामु देखा पर्छ । अब विगतका जस्तो त्याग, तपस्या, अनुभव, राजनैतिक सिद्धान्त, राजनैतिक विरासत, राजनैतिक सुझबुझले मात्र मतदाता आकर्षित गर्न नसकिने निष्कर्ष देखिएको छ । एकजना चतुर कलाकारले स्टेजमा आफूलाई कसरी प्रस्तुत गर्दछ, त्यसै गरी उम्मेदवारले पनि मतदातासामु आफूलाई आकर्षक ढङ्गले प्रस्तुत गर्न सक्नुपर्ने रहेछ । बजार अर्थतन्त्रमा जसरी राम्रो प्याकेजिङमा ढालिएको सामान पिठो भए पनि बिक्छ, तर आकर्षक प्याकेजिङको अभावमा चामल पनि बिक्दो रहेनछ भन्ने कुरा राजधानीको स्थानीय चुनावमा हाल निस्कँदै गरेको नतिजाले साबित गरिदिएको छ ।

मेयर पदमा दुई ठूल्ठूला पार्टीका प्रत्याशीहरूलाई नराम्ररी चक्मा दिएर जीत हासिल गरेका बालेन साहको पहिरन, हिँडाइ, बोलाइ, चस्मा ढल्काइ, हाउभाउ आदिलाई हेर्दा अब उप्रान्त उम्मेदवारले उनीबाट धेरै कुरा सिक्नुपर्ने देखिएको छ । उनले सुरुदेखि नै एकै प्रकारको पहिरन लगाएका छन्, गगल्स ढल्काउँदै आँखाको भावलाई रहस्यको पर्दाले ढाकेका छन् भने उनको शालीन जवाफ अनि स्टेजम्यानेज्ड जस्तो देखिने व्यवहारको एकरुपतालाई हेर्दा उनले मतदाताको मन जित्न महिनौंदेखि मिहेनत गर्दै आएको कुरा स्पष्ट हुन्छ । यसलाई 'कस्मोपोलिटन' काठमाडौंमा 'कस्मेटिक पोलिटिक्स'को प्रभावका रूपमा लिन सकिन्छ ।

अन्य उम्मेदवारहरू, चाहे ठूला राजनैतिक पार्टीका हुन् वा साना अथवा स्वतन्त्र, तिनीहरूको बोलीचाली, व्यवहार, पहिरन, हिँडाइमा वालेनको जस्तो एकरुपता देखिँदैन । अब मतदाताले उम्मेदवारबाट कस्तो 'इमेज' खोजेका छन् र कस्तो 'लेभर' उनीहरुले चाहेका छन्, त्यसको पनि हेक्का राख्नुपर्ने देखिएको छ । वालेनले लामो गृहकार्य गरेर काठमाडौंका युवा मतदाताहरूले खोजेको जस्तो 'इमेज विल्डअप' गर्न सफल भएका छन् भने उनीहरुले चाहे जस्तो 'फ्लेभर' पनि पस्कन उनी सक्षम साबित भए । चुनावको समयमा उम्मेदवारले आफूलाई प्रभावकारी रूपमा मार्केटिङ गर्नु कति जरुरी छ भन्ने कुरा यस परि घटनाले दर्साउँछ । अब काठमाडौं जस्तो 'मेट्रोपोलिटन कल्चर' विकास भएको सहरमा आउँदा चुनावमा ठूला पार्टीहरूले आफ्नो चुनाव अभियानको शैलीमा यसैअनुरूप परिमार्जन गर्दै जान नसके उनीहरुले ठूलो मूल्य चुकाउनु पर्ने देखिएको छ ।

अनि सोसियल मिडियाको उत्कृष्ट प्रयोगले पनि निर्वाचनमा ठूलै महत्व राख्दो रहेछ । वालेनले जस्तो आकर्षक सोसियल मिडियाको प्रयोग अरु कुनै उम्मेदवारले गरेको देखिएन । उनले प्रचार अभियानमा कसैलाई गालीगलौज पनि गरेनन्, कुनै ठूला वाचा, कबुल पनि गरेनन्, न त उनले राजनैतिक भाषण नै छाँटे अथवा सिद्धान्तका कुरा गरे । तर पनि मतदाताको ध्यानाकर्षण गर्न सक्षम भएका छन् । विगतमा चुनिएका मेयरहरूले के कस्ता घोषणापत्र सार्वजनिक गरेका थिए र तीमध्ये कति पूरा भए अथवा कति पूरा भएनन्, त्यसको लेखाजोखा न मतदाताले गर्ने गरेका छन् न अन्य कुनै जिम्मेवार निकायले । यस्तो अवस्थामा अब बन्ने मेयरका पनि आश्वासन तथा वाचाहरूले भविष्यमा केही अर्थ राख्ला भनी कसरी विश्वास गर्ने ?

काठमाडौंका मतदाता अलि भावुक स्वभावका छन् । उनीहरू यति वेफूर्सदी छन् कि उम्मेदवारको प्रोफाइल हेर्न समेत भ्याउँदैनन् । उनीहरू उम्मेदवारको अनुभव र योग्यता, कार्यक्रम र योजना भन्दा उनीहरूको प्रस्तुतीकरण, अभिव्यक्तिकरण, लवाइ, खवाइ, बोलाइ आदि हाउभाउलाई महत्व र मूल्य दिन्छन् । त्यसैले कुनै बखत स्वतन्त्र वामपन्थीका रूपमा उम्मेदवारी दिने पद्ममरत्न तुलाधरले रोएर पनि सर्वाधिक भोट बटुलेका थिए । अनि, अहिले एमालेका तर्फबाट उठेकी सुनिता डंगोलले हाँसेर, हँसाएर नै मतदाताको मन जितेकी छिन् र विजयपथमा निरन्तर अघि बढ्दै छिन् । यसै प्रसंगमा वालेनले चाहिँ गाएरै भोट तान्न सफल भएको निष्कर्ष निकाल्नु अतिशयोक्ति नहोला ।

अर्कोतर्फ एमालेबाट उम्मेदवार बनेका केशव स्थापित सबैभन्दा बढी विवादास्पद उम्मेदवार हुन् । उनका विगतका दुई मेयर कार्यकाल 'मी टु'का कारणले मात्र नभई अपारदर्शी ठेक्कापट्टा वितरण तथा घरहरू जथाभावी भत्काउनाका कारण पनि विवादमा पर्ने गरेको थियो । तर उनले चुनाव प्रचारका क्रममा त्यो विवादास्पद व्यक्तित्वलाई नै भोट बटुल्ने रणनीति बनाए । उनले खुलेआम भनेका थिए, 'विवादमा नआउने पनि केशव स्थापित हुन्छ र ?' हाम्रो जस्तो पुरुषप्रधान समाजमा महिलामाथि थिचोमिचो गरिएका घटनाहरू सामान्य हुँदा रहेछन् भन्ने कुरा राजधानीका मतदाताले त्यसलाई बेवास्ता गरी कतिपय वडामा उनलाई नै सर्वाधिक मत दिनाले प्रष्ट भएको छ । विवादमा आउनुको एउटा फाइदा के हुन्छ भने धेरै भन्दा धेरै मानिसले चिन्नु । त्यसरी धेरै भन्दा धेरै मानिसले चिन्दा त्यसमा कतिपय उसका विरोधी हुन्छन् भने कतिपय समर्थक पनि हुन्छन् । जे होस्, स्थापितले विवादमा तानिएकै कारण केही भोट अवश्य बढाउन सफलता पाएका छन् र यदि वालेनले उनको भोट नकाटेका भए उनको स्थिति निश्चय पनि अहिलेको भन्दा सुदृढ हुने थियो ।

काठमाडौंका सामान्य मतदाताहरू साह्रै सरल र निरस खालको चुनावी अभियानबाट आकर्षित नहुने कुरा पनि पुष्टि भएको छ । चुनावी अभियानमा आफ्ना विचार र कार्यक्रम सरल ढङ्गले राख्दै महानगरलाई महान् घर बनाउँछु भन्ने प्रतिष्ठित सिंह परिवारको विरासत बोकेकी नेपाली काँग्रेसकी मेयरका दाबेदार सिर्जना सिंहले पनि अपेक्षाअनुरूप स्थानीय चुनावमा भोट तान्न सकिनन् । अर्कोतिर सडक विस्तार विरोधी अभियानका सक्रिय अभियन्ता, विवादास्पद गुठी विधेयकको विरोधीका रूपमा चिनिएका एवं जात्रा, पर्व, संस्कृति संरक्षण सम्बन्धी अभियन्ता रहेका सुमन सायमी पनि केही चर्चामा त आए । तर, चमत्कारिक भाषणकलाको अभावका कारण र वालेनले जस्तो फ्लेभर मतदातासमक्ष पस्किन नसक्दा त्यति भोट तान्न सफल भएनन् ।

कुनै वखत भानुभक्तले इन्द्रको वगैंचा अमरावतीका रूपमा वर्णन गरेको काठमाडौंमा अहिले एक प्रकारको कस्मोपोलिटन कल्चर अर्थात् महानगरीय संस्कृतिको विकास भैरहेछ । यहाँको जीवन पद्धति पनि 'अल्ट्रा मोडर्न' अनि पहिले भन्दा अलि जटिल बन्दै गइरहेको छ । त्यसै पनि देशका सातै प्रदेश र ७७ वटै जिल्लाका बासिन्दाहरुको आवत-जावत हुने यो सहर देशका अन्यसहरहरु भन्दा भिन्नै परिवेश र वातावरणले गिजोलिएको छ ।


यहाँका रैथाने बासिन्दाहरु अल्पमतमा परिसकेको अवस्थामा अब यो झन्झन् जटिल र 'आइसोलेटेड' वा एकाकी बन्दै गइरहेको अवस्था छ । विगत २५/३० वर्षमा महानगरको नेतृत्वको जिम्मा पाएकाहरूले यदि आफ्नो जिम्मेवारी इमानदारीका साथ निभाएको भए, यो महानगरी यस्तरी अव्यवस्थित, अस्तव्यस्त र भताभुङ्ग अवस्थामा पुग्ने थिएन होला । अहिले महानगरमा समस्यै, समस्याको डङ्गुर छ । सडक हेर्यो खाल्टा, खुल्टी मात्र नभई अस्तव्यस्त पनि छन् भने खानेपानी र ढल निकासको समस्या यहाँका जल्दावल्दा समस्यामा पर्छन् । फोहोर मैला धुँवा, धुलो, ध्वनिको समस्या जस्ताका तस्तै छन् । पाइला, पाइलामा भ्रष्टाचारको गन्ध आउँछ यहांका सरकारी कार्यालयहरुमा । भूकम्पमा भत्केका कतिपय घरहरू अझै मर्मत, सम्भारलाई पर्खँदै टेकोमा अडेका छन् भने यहाँका सयौं मन्दिर, पाटीपौवा, पोखरी आदि संरक्षण र सम्वर्द्धनको पर्खाइमा छन् । त्यस्तै युवा वेरोजगारी, लागूपदार्थ, असुरक्षा आदि विभिन्न समस्याले गिजोलिएको छ यो राजधानी सहर ।

अब मेट्रोपोलिटन सिटी काठमाडौंका मतदाताले आफूले चुनेका प्रतिनिधिहरूबाट कतिको सन्तुष्टि प्राप्त गर्न सक्लान् वा नसक्लान् त्यो भविष्यको गर्भमा छ । विभिन्न रणनीतिहरू अख्तियार गरी राजधानीका मतदाताहरूको मन चोर्न सफल रहेका उम्मेदवारहरू ती मतदाताहरूको इच्छा, आकाङ्क्षालाई आत्मसात् गर्न सक्छन् वा सक्दैनन्, तिनीहरू राजधानीको मुहार फेर्न सफल हुन्छन् वा हुँदैनन् त्यो त समयले नै मात्र बताउन सक्छ । राजनीतिमा एकजना व्यक्तिले जतिसुकै ठूला कुरा गरे तापनि मतदाताहरूलाई आफ्नो करिस्मेटिक व्यक्तित्वले केही समय प्रभावित गरे तापनि विना कुशल नेतृत्व, विना टिमवर्क र व्यवस्थापकीय दक्षताको अभावमा ठूलो परिवर्तन सम्भव छैन ।

हामीले के सोच्न पर्छ भने विना सिद्धान्तको राजनीति र विना टीमवर्क केवल एक व्यक्तिको प्रभाव र प्रतिभा मात्रले अस्तव्यस्त महानगरमा फिल्मी शैलीले ठोस परिवर्तनको आशा गर्नु कतै मनको लड्डु घ्युसित खाने कल्पना जस्तो त हुँदैन ? धेरै कुरा समयको अन्तरालले छर्लंग पार्दै लाने नै छ । अन्त्यमा, एउटा प्रश्न गर्नैपर्ने हुन्छ, 'कस्मेटिक' राजनीतिक प्रचारवाजीको प्रभावमा परेका हामी 'कस्मोपोलिटन'का निवासीहरूले जसलाई आफ्नो भाग्यको फैसला गर्ने अधिकार सुम्पियौं । अब तिनी आफूले गरेका वाचा, कवुल, प्रतिवद्धताअनुसार योजनाहरू कार्यान्वयन गर्नमा कतै चुकेछन् भने के ती जनप्रतिनिधिहरूमाथि आवश्यक दबाब दिने वा फिर्ता बोलाउने कुनै प्रणाली हामीसँग छ त ?

*साभार: रातोटी*

# म बजेट पर्खिरहेछु !



✍ कृष्णप्रसाद सिग्द्याल



नेपाल सरकारले हालसालै नेपाल राजपत्रमा नै सूचना प्रकाशित गरी दशवटा भन्सार कोडका वस्तुलाई 'विलासी' करार गर्दै केही समयका लागि आयातमा प्रतिबन्ध लगाएको छ । यो कदम उचित हो, आठ दश जना मुख्य व्यापारीको स्वार्थमा अवश्यै केही आघात पर्‍यो होला, तर केहीको स्वार्थ रक्षा गर्दागर्दै भोलि मुलुकको नाउँ नै डुबाउनु त भएन ।

नेपाल सरकारले कृषि उपज र त्यसमा आधारित प्रशोधित वस्तुहरू मुलुकमै उत्पादन हुन सक्ने र गर्नुपर्ने कुरा बल्ल ठम्याए जस्तो छ । साथै, 'स्वदेशी वस्तु उत्पादन र खपत दशक' घोषणाको पनि तर्खर गरेको छ । पंक्तिकारलाई सम्झना छ- १९७० को दशकको सुरुआतमा भएको प्रथम नाकाबन्दीका बेला पनि यस्तै यस्तै घोषणा गरिएको थियो । तर त्यसको मसी सुक्न नपाउँदै नाकाबन्दी पछि सबैले त्यसलाई बिर्सिए ।

हामी सियोदेखि हवाई जहाजसम्मको सबै अहिले नै तिलस्मी रूपमा उत्पादन हुने लख काट्छौं । नेता भनाउँदाहरू त्यही पत्याई हिँड्छन् । हामी कहाँ छौं, अहिलेको प्राथमिकता के हो, त्यो नै निरूपण हुन सकेको छैन । त्यो गृहकार्य कहिले हुने ? कसले गर्ने ? त्यो विदेशीले गरिदिने हो ? कृषि उत्पादन बढे न औद्योगिक वस्तुको उत्पादन होला, कृषिलाई ह्रास गराउँदै लैजाने, अनि औद्योगिक दशकको कुरा गर्ने ? कुनै बेला चामल, गहुँ निर्यात गर्ने मुलुक अहिले खर्बको कृषि उत्पादन आयात गर्छ ।

हाम्रो अर्को बिडम्बना पनि छ । हामी सबै कच्चा पदार्थ स्वदेशमा नै भएपछि मात्र उद्योगधन्दा चल्ने सोच्छौं । हो, केही वस्तु आफ्नै कृषि/खानीबाट प्राप्त भएमा राम्रो । तर सबै आफ्नै कच्चा पदार्थ विश्वमा कहीं कुनै मुलुकको पनि हुँदैन । हाम्रो अर्थ/उद्योग प्रशासनका अधिकारीको दिमागको यो जालो कसरी हटाउने? जापानले के गर्छ, अलिकति बुझौंन । काठमाडौंमा त बग्रेल्ती, अन्य प्रदेशका मुख्य सहरहरूमा पनि खुलेका सुपर मार्केट र मार्टमा गई हेरेमा हाम्रो अहिलेको कृषिमा आधारित उत्पादनको चित्र स्पष्ट हुनेछ । दोस्रो/तेस्रो देशबाट आयात भए सरहका वस्तु नेपालमै उत्पादन भएर ती ठूला पसलका तखतामा छन् । तर तिनको कुनै अधिकारीलाई न गुणस्तर प्रवर्द्धन, न बजार, न ऋण वा अन्य सुविधाको चासो छ । मुलुकभरका साना साना बजारका पसलसम्मको पहुँच त कता हो कता ? चट्ट लाएर गुणस्तरको पनि कुरा उठाइएलाह आयातित कुन चाहिँ वस्तुको गुणस्तर मापन गरिएको छ र त्यसको कुरा गर्ने ? लेबुल फेरि फेरि म्याद नाघेका वस्तु पनि बिक्री भई नै रहेछन् (यदाकदा पक्राउ परेजस्तो गरी समाचार प्रकाशित पनि हुन्छ सँगसँगै) ।

आयातित अन्य अखाद्य वस्तुको कुरा गर्ने हो भने पनि त्यही भन्न सकिन्छ । सेरामिकका वस्तु भन्नुहोस्, किलाकाँटा भन्नुहोस्, ऐना नैह तयारी लुगा/कपडा पनि । मिहिन रूपमा हेर्नुहोस्ह युरोप/अमेरिकाको निकासीका लागि अयोग्य ठहरिएका वस्तुले नै हो अधिकांशत: नेपालजस्ता बजारमा बाटो पाउने । त्यति मात्र होइन अन्य मरमसलाको हालत पनि त्यही छ । दालचिनी, सुकुमेल, अलैंची र त एक पटक होइन, दुई-तीन पटक औषधी उद्योगले रस निकालिसकेका वस्तुले नै नेपाली बजार छ्यापछ्याप्ती छ । स्वादको कुरा गर्ने हो भने पनि अधिकांशत बजारमा आएपछि नै त्यसले उपभोक्तामा स्वाद निर्माण गर्ने हो । साथै, कुनै पनि वस्तुको परिष्कृतता उत्पादन हुन थालेपछि नै हुने हो संसारमै जहीँतहीँ ।

त्यसैले गुणस्तर र स्वाद बारेमा पनि अधिक दाबी नगरौं । पचास/साठीको दशकमा जापानका इलेक्ट्रोनिक सामानलाई जर्मन/बेलायतीसँग तुलना गरी 'नक्कली/गुणस्तरहीन' नै भनिन्थ्यो । अस्ति अस्तिसम्म पनि चीनका सबै वस्तुलाई नक्कली नै भनिन्थ्यो । आज अमेरिका र युरोपका बजारमा चिनियाँ उत्पादनका वस्तु नै छ्यास्छ्यास्ती छन् । चीनले आपूर्ति गरेन भने कैंयन् वस्तुमा विश्वमै हाहाकार मच्चिने अवस्था छ । यसलाई विस्तारसाथ व्याख्या गर्नु नपर्ला । धेरै टाढाको कुरा पनि नगरौं । दशकौंदेखिको सीमा विवादका बाबजुद कोरोनाकालमा समेत भारतको चीनमाथिको निर्भरता बढ्दो छ । 'अचम्मै भयो, ' विश्व नै कोरोना महामारीको प्रकोपमा परेपछि पनि २०२१ मा भारत-चीन व्यापार (८६.४० बिलियन डलरबाट) द्रुतगतिमा बढेर १२५.६६ बिलियन डलर पुग्यो ।'त्यति मात्र होइन, 'भारतमा उत्पादन हुने औषधीको ७० प्रतिशत कच्चा पदार्थ, इलेक्ट्रोनिक्सको ४५ प्रतिशत, मेसिनरीको ३३ प्रतिशत, मोबाइल फोनको ९० प्रतिशत, कलपुर्जा-पार्टस् र एन्टीबायोटिक्सलाई चाहिने शतप्रतिशत कोरामाल चीनबाटै आउँछन् भन्छन्, भारतीय बुद्धिजीवी, महेन्द्र पी. लामा ('कान्तिपुर', वैशाख ६, २०७९) । यो पंक्तिकार १९८० को दशकको अन्ततिर दक्षिण केरिया पुग्दा त्यहाँ शृंगारका सामान उत्पादन उद्योग भर्खरभर्खर सुरु हुन थालेका थिए, मुलुकको लामो राजमार्ग सिउल-पुसान भर्खरै बनाई सकिएको थियो। दोस्रो विश्वयुद्धको क्षतिपूर्तिबापत जापानबाट प्राप्त रकमबाट सुरु गरिएको मुलुकको पहिलो स्टिल (फलाम) कारखानाबाट भर्खर उत्पादन सुरु भएको थियो (कोरियाको फलाम उत्पादन उद्योग विकासको कथा रोचक छ, । र मुलुककै पहिलो कारखानाबाट 'पोनी' (गाडी/कार) बाहिर निस्कँदै थियो ।

आज हेर्नुहोस्, दक्षिण कोरियालाई । हामी भने औद्योगिक विकासको दृष्टिकोणमा 'कुहिरोको काग' नै रहेका छौं । हिजो अस्ति मात्र प्रकाशित एक लेखमा (डा. दुर्गाप्रसाद पौड्याल, 'नागरिक' दैनिक, ८ जेठ २०७९) भारतीय मन्त्रीले भनेको 'नेपाल पनि अर्बौं डलर लगानी गरेर उद्योग खोल्ने देश हो र ? त्यो त भारतमा उत्पादित सामान बेच्ने बजार न हो' भनेको उल्लेख गरेका थिए । हामी भने आफ्नो कुनै तयारीविना विदेशीले आँखा चिम्लिएर आएर लगानी गरिदिने सोच राख्छौं ।


**बजेट बहस-१ :** आन्तरिक-बाह्य संकटले थिचिसक्यो, बजेट व्यर्थ हुन्छ कि अर्थपूर्ण वास्तवमा सरकारी तथा निजी क्षेत्रका केही ठूला उद्योगका उत्पादन र पूर्वाधार बाहेकका भारतमा उत्पादन हुने ९० प्रतिशत वस्तु नेपालमा उत्पादन हुन सक्दछ । त्यसका लागि उपयुक्त वातावरण, चिन्तन र सक्रिय प्रयासको मात्र खाँचो छ । नेपाल उद्योग परिसंघले माग गरेको कच्चा पदार्थमा लाग्ने भन्दा दोस्रो/तेस्रो मुलुकबाट आयात हुने तयारी वस्तुमा १०/१५ प्रतिशत मात्र भन्सार दर फरक गरी दियौं भने पनि दुई तीन वर्षमा नै अहिले आयात हुने धेर ै वस्तुको प्रतिस्थापन हुन्छ । हाम्रो अहिलेको स्थितिमा आयात मात्रको प्रतिस्थापनको दृष्टिमा विकासका लागि पहिलो खुड्किलो त्यही हो । त्यो मुलुकले गर्ला जस्तो लाग्दैन । किन गर्दैन भन्ने व्याख्या नै अर्को एउटा लेखको वस्तु बन्नेछ । व्यवस्थापनको पक्ष पनि हाम्रो यति कमजोर छ कि भनिसाध्य छैन ।

पंक्तिकारलाई स्मरण छ, पञ्चायत कालदेखि अहिलेसम्म पनि अर्थशास्त्रका विद्वान्देखि लिएर राजस्व हाँक्ने उच्च पदाधिकारीसम्ममा भन्सारबाट हुने राजस्व संकलनको मोहजाल र महिमा सकिएको छैन । हाम्रा अर्थशास्त्रका विद्वान्हरूले पनि भन्सारतन्त्र मात्र बुझे जस्तो छ, अर्थतन्त्र होइन । अहिले पनि आयात रोक्नु नहुने तर्कसमेत गरिँदो छ, घुमाउरो पारामा । बुझौं, सबै मुलुकमा हुन्छ स्वदेशी र विदेशी वस्तुमा विभेद- भारत, चीन अमेरिका सबै/सबैतिर ।

अहिले पनि औद्योगिक विकासका ठूला/सैद्धान्तिक कुरा गर्नुमा नै हामी व्यस्त छौं, व्यावहारिकता र कार्यान्वयनमा जाँदा हाम्रो नीति तथा कर्मचारीतन्त्रले ती सबै कुरा चटक्कै बिर्सन्छ । पंक्तिकारले आफूलाई जानकारी भएको मुलुककै लागि महत्वपूर्ण एउटा वस्तुको कच्चा पदार्थ र तयारी वस्तुको भन्सार महसुलमा अन्तर बनाउन अनुरोध गरेको, निवेदन दिन सुरु गरेको बीस वर्ष भयो, सुन्या नसुन्यै छ । भन्नै पर्दछ, बल्ल कुर्ली कुर्ली कराउन साहस बटुलेका ओलीतन्त्रका अर्थमन्त्री पनि मुलुकको अहिलेको संकट निम्त्याउनमा कम जिम्मेवार छैनन् । सुरुआत ओलीको लूटतन्त्र र भ्यू टावरबाट नै भएको हो । फजुल खर्चीको ठस्सा, हेलिकोप्टर खरिद उहाँबाटै सुरु भएको हो । सुधारको मौका मुलुकमा अहिलेभन्दा बढी थियो । आजको स्थिति नै आउने थिएन ।

मलाई अहिले पनि वस्तु उत्पादन हुने कच्चा पदार्थ र तयारी वस्तुमा भन्सार दररेट फरक पारिएला जस्तो लाग्दैन । हाम्रो मुलुकमा तयारी वस्तु आयात गरेर लाभ लिने समूह धेरै बलियो छ । मुलुक तिनकासामु केही पनि होइन । होला, पहुँच हुनेहरूको एक दुईवटा उद्योगमा फरक पारिएला, बाँकी जस्ताको तस्तै रहनेछ । मेरो अन्तरात्माले त्यही भन्छ । त्यसैले म बजेट पर्खिरहेछु । र, आफूलाई गलत साबित भएको हेर्न चाहन्छु । *साभार : इकागज*

# सलमान खानको काठमाडौं कन्सर्ट अब कहिले ?



काठमाडौं । शनिबार दशरथ रंगशालामा हुने भनिएको बलिउड अभिनेता सलमान खानको सांगीतिक कार्यक्रम अन्तिम समयमा स्थगित भयो । आयोजक संस्था ओडीसी इन्टरटेनमेन्टले कन्सर्ट रोकिनुमा स्थानीय चुनावले टिकट बिक्रीमा परेको प्रभाव र वर्षालाई कारण रहेको बतायो ।

'द ब्याङ रिलोडेड टुर' भनिएको कन्सर्टकी एक सदस्य तथा बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डिजलाई विदेश जान अनुमति नमिलेको सन्दर्भलाई पनि कारण बताइएको छ ।

ओडीसीका प्रबन्ध निर्देशक सीमान्त गुरुङका अनुसार ५ देखि ६ लाख रुपैयाँसम्मको टिकट पनि बिक्री भइसकेको थियो । कार्यक्रम रोकिएपछि प्रभु पे एपबाट काटिएका सबै टिकट फिर्ता गरिएको उनले बताए । ध्वनि र प्रकाश संयोजनका उपकरण बोकेका झण्डै ३० ट्रक भारतबाट समेत आइसकेका थिए । कार्यक्रम रोकिएपछि ती ट्रक पनि फिर्ता भइसकेका छन् । कलाकारको पारिश्रमिक र व्यवस्थापनमा मात्र ८ करोड रुपैयाँ खर्च भइसकेको थियो ।

**अब कन्सर्ट कहिले हुन्छ ?**

दोस्रोपटक पनि अन्तिम समयमा कार्यक्रम रोकिएपछि अहिले सबैको प्रश्न छ, अब सलमान खानको कन्सर्ट कहिले हुन्छ ? वा सलमानको कन्सर्ट कहिल्यै नेपालमा नहुने हो ? आयोजकले कन्सर्ट रद्द नभएर पोस्टपोन्ड मात्र भएको बताएको छ । अनलाइनखबरसँग कुरा गर्दै ओडीसीका प्रबन्ध निर्देशक गुरुङले अनुकूल समय मिलाएर चाँडै कन्सर्टको नयाँ मिति घोषणा हुने बताए ।

'हामीमाथि निकै ठूलो चुनौती छ । मिलेसम्म तीन-चार सातामै कन्सर्ट गर्छौं । नभए दशैंअघि कन्सर्ट गर्ने लक्ष्य छ,' गुरुङले भने, 'हाम्रो व्यक्तिगत खर्च पनि भइसकेको थियो, तर वर्षा र इलेक्सनका कारण हामीलाई कन्सर्ट गर्न निकै कठिनाइ भयो ।' कुनै पनि हालतमा दशैंअघि कन्सर्ट गर्नुपर्ने चुनौती आफूहरुसँग रहेको उनले बताए । कन्सर्ट आयोजनामा पर्यटन मन्त्रालय र पर्यटनमन्त्री प्रेमबहादुर आलेले सहयोग गरेको भन्दै उनले सलमान खान र सोहेल खानसँग कुरा गर्न मन्त्रीले समन्वय गरेको बताए ।

'पर्यटन मन्त्रालयबाट ठूलो सहयोग मिल्यो । पर्यटन प्रवर्द्धनका लागि मन्त्रालय र पर्यटनमन्त्री प्रेम आलेले ठूलो सहयोग गर्नुभएको हो । उनले सोहेल र सलमानसँग समन्वय गर्नुभयो । मन्त्रीज्यूको साहसप्रति हामी आभारी छौं,' अनलाइनखबरसँग गुरुङले भने ।

मन्त्री आलेले सलमानसँग भर्चुअल संवाद गरेका थिए भने सोहेलसँग पत्रकार सम्मेलनमै उपस्थित थिए । मन्त्री आलेले सलमानलाई सगरमाथामा ब्रेकफास्ट र पर्वतीय उडानको निम्तो समेत दिएका थिए । केही सातामै कन्सर्टको नयाँ मिति घोषणा गर्नुपर्ने भएपछि ओडीसीको एक टोली केही दिनमै सलमानलाई भेट्न मुम्बई जाने तयारीमा छ । अब वर्षा नभएको र रंगशाला खाली भएको समय पारेर भारतबाटै कन्सर्टको मिति तय गरिने जनाइएको छ ।ओडीसीले यसअघि क्यानडेली पपस्टार ब्रायन एडम्सको सफल कन्सर्ट दशरथ रंगशालामा गरिसकेको छ । *साभार:अनलाइन खबर*

# काठमाडौंको 'लज्जास्पद हार'ले निम्त्याएको रवीन्द्र मिश्रको राजीनामा

काठमाडौं, ११ जेठ/ स्थानीय निर्वाचनमा पार्टीका उम्मेदवारहरुले निराशाजनक मत पाएसँगै विवेकशील साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रले राजीनामा दिएका छन् ।

चुनावी हारको जिम्मेवारी लिँदै राजीनामा दिएका मिश्रले 'विचारभन्दा माथि देश'को विरोध गर्दै समानान्तर गतिविधि गर्नेहरूमाथि गरिएको कारबाही फिर्ता लिन केन्द्रीय समितिलाई आग्रह गरेका छन् । साथै दस्तावेजप्रति असहमति राखेर राजीनामा दिएकाहरुलाई पनि पुन: पार्टीमा फर्किन अपिल गरेका छन् ।

विवेकशील साझाका नेताहरू भने मिश्रको राजीनामासँगै पार्टीमा नेतृत्वको संकट सुरु भएको बताउँछन् । मिश्रले कारबाही फिर्ताको अपिल गर्दै मिलन पाण्डेलाई पुन: संयोजकमा फर्किनसक्ने सकेत गरेपनि त्यो सहज छैन ।

काठमाडौंको हार मुख्य कारणस्थानीय निर्वाचनमा बाराको फेटा गाउँपालिकाको अध्यक्ष र दुई वटा वडा विवेकशील साझाले जितेको थियो । मिश्रले यसको श्रेय गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष रुस्तम अन्सारीलाई दिएका छन् ।

अन्यत्र पार्टीका उम्मेदवारहरु 'इमानदार र सक्षम' हुँदाहुँदै राम्रो नतिजा हासिल गर्न नसकेको भन्दै मिश्रले त्यसको जिम्मेवारी पार्टी नेताका रूपमा आफूले लिने बताएका छन् । निकटवर्तीहरुका अनुसार मिश्रलाई अध्यक्षबाटै राजीनामा दिने अवस्थामा पुर्‍याउनुको मुख्य कारण भने काठमाडौं र ललितपुर महानगर पालिकामा दलले पाएको मत हो । यो पटक जितको आश त थिएन, तर अघिल्लो पटककै हाराहारीमा आउने र आगामी संसदीय निर्वाचनलाई सहज हुने विश्लेषण थियो । विवेकशील साझाका एक नेता भन्छन्, 'चुनावको पार्टीगत रूपमा समीक्षा गर्न बाँकी छ । तर जे नतिजा आएको छ, त्यो अनपेक्षित हो ।'

काठमाडौंको मेयरमा स्वतन्त्र उम्मेदवार बालेन साहले ५२ हजार मत कटाएर जित पक्का गर्दा वैकल्पिक राजनीतिको मुद्दा उठाएको विवेकशील साझाकी उम्मेदवार समीक्षा बास्कोटाको मत हजार पनि पुगेको छैन । ललितपुर महानगरमा पनि चिरिबाबु महर्जन ४२ हजार ७२२ मतका साथ पुन: मेयर निर्वाचित हुँदा विवेकशील साझाका उम्मेदवार उज्वलकृष्ण श्रेष्ठले १५८५ मत पाएका छन् । जबकि २०७४ को चुनावमा विवेकशील र साझाले छुट्टाछुट्टै उम्मेदवारी दिँदा पनि सम्मानजनक मत ल्याएका थिए ।

**पाण्डे फर्किन कति सहज ?**

चुनावी हारको जिम्मा लिँदै राजीनामा दिएका मिश्रले आफूले ल्याएको 'विचारभन्दा माथि देश' प्रस्तावमा असहमति जनाउँदै समानान्तर गतिविधि गर्ने पार्टी संयोजक सहितका नेताहरूमाथि गरिएको कारबाही फिर्ता लिन पनि आग्रह गरेका छन् ।

वक्तव्यमा भनिएको छ, 'दस्तावेज प्रस्तुत गर्ने अध्यक्षले नै राजीनामा दिइसकेपछि कारबाहीहरू फिर्ता गरिदिन पार्टी केन्द्रीय कार्य सम्पादन समिति तथा केन्द्रीय समितिलाई विनम्र अनुरोध गर्दछु ।' साथै दस्तावेजप्रति असहमति राखेर राजीनामा दिएका नेताहरुलाई पनि पुन: पार्टीमा सामेल हुन आग्रह गरेका छन् ।

मिश्रले संघीयता खारेज गर्नुपर्ने र धर्म निरपेक्षताबारे जनमत संग्रह गर्नुपर्ने प्रस्तावसहित 'विचार भन्दा माथि देश' दस्तावेज ल्याएपछि रञ्जु दर्शना लगायतका केहीले पार्टी परित्याग गरे भने संयोजक पाण्डे समूहले समानान्तर गतिविधि गरि रह्यो । त्यो विवादमा निर्वाचन आयोगले मिश्र पक्षलाई वैधानिकता दिएपछि पाण्डे लगायतका नेतालाई कारबाही भयो ।

अध्यक्षबाट राजीनामा दिएका मिश्रले कारबाही फिर्ताका लागि अपिल गरेपछि मिलन पाण्डे पार्टी संयोजकमा फर्किने सम्भावनाबारे छलफल सुरु भएको छ ।

कसरी अगाडि बढ्ने भनेर छलफल गर्न पाण्डेले भोलि आफ्नो समूहको बैठक बोलाएका छन् भने विवेकशील साझाका कतिपय नेताले पाण्डेलाई पार्टीमा पुन: सक्रिय हुन आग्रह गरेका छन् । तर पाण्डे फेरि विवेकशील साझाको संयोजकका रूपमा फर्किन सहज नभएको एक नेता बताउँछन् ।

पाण्डे समूह विवेकशील साझामा सक्रिय हुन पहिलो शर्त हो, 'विचारभन्दा माथि देश' दस्तावेज खारेजी । तर दस्तावेज ल्याउने मिश्र आफैंले राजीनामा दिएपनि केन्द्रीय समितिले अनुमोदन गरिसकेको यो दस्तावेज के हुन्छ भन्ने अलमल छ ।

पाण्डे पक्षका नेताहरू भने मिश्र स्वयंले राजीनामा दिएको र उनको दस्तावेज जनमतबाट अस्वीकृत भएको बताउँछन् । एक नेता भने, 'पार्टीमा दुईवटा दस्तावेज थियो, एउटा दस्तावेज जनमतका हिसाबले पनि अस्वीकृत भयो, अध्यक्षले पनि फिर्ता लिनुभयो । अब पार्टी अर्को दस्तावेजअनुसार अघि बढ्छ ।'

त्यो अवस्थामा आफूहरुको विचारअनुसार पार्टी अघि बढ्ने र नेतृत्वमा फर्किने पाण्डे पक्षको एक नेता बताउँछन् । 'मूल पार्टी हामी हौं, जाने नजाने प्रश्नै होइन,' एक नेता भन्छन्, 'उहाँहरुको दस्तावेज कायमै राखेर हामी एक हुन सक्दैनौं ।'

विवेकशील साझाका नेताहरु भने मिश्रको राजीनामासँगै विचारभन्दा माथि देश' सकियो भन्ने मान्न तयार छैनन् । कतिपय नेताले मिश्रको दस्तावेजलाई महाधिवेशनसम्म लैजानुपर्ने बताएका छन् भने कतिपयले यसकै कारण चुनाव हारेको तर्क गरेका छन् । तर फिर्ता लिने नलिने अलमल कायमै छ ।

दस्तावेजको अलमल अन्त्य भएको अवस्थामा पनि पाण्डेलाई नेतृत्व मान्ने नमान्ने प्रश्न हुनेछ । पार्टीमा विवाद भएका बेला पाण्डेले गरेको राजनीतिका कारण उनलाई नेतृत्व मान्ने सम्भावना कम रहेको कतिपय नेता बताउँछन् । 'मिलनजीबाट हुँदै हुँदैन भनेर कारबाही गरिएको हो,' एक नेता भन्छन्, 'आज पनि बहुसंख्यक नेताहरुको उहाँमाथि अविश्वास कायमै छ ।'

नेतृत्वको संकट

पाण्डे संयोजकका रुपमा नफर्किएको अवस्थामा विवेकशील साझाका नेतृत्वले कसले गर्ला त ? नेताहरुका अनुसार पार्टीमा मिश्रको विकल्प दिने नेतृत्वको अभाव देखिएको छ ।

पार्टीको महाधिवेशन नभएकाले पदाधिकारी छैनन् । कार्यसम्पादन समितिमा भएकामध्ये पूर्वसचिव किशोर थापा सम्भावित हुन् । तर उनी आफैं पछिल्लो समय क्रमश: निष्क्रिय भएकाले पार्टी नेतृत्वमा आउने सम्भावना कम छ । त्यसैले भएका कुनै नेतालाई संयोजक तोकेर महाधिवेशनमा जाने सम्भावना देखिन्छ ।

विवेकशील साझाका प्रवक्ता शरदराज पाठक पनि पार्टी कसरी अगाडि भन्ने केन्द्रीय कार्यसमितिले निर्णय गर्ने बताउँछन् । उनले अनलाइनखबरसँग भने, 'कार्यसमितिको बैठक कहिले बस्ने भन्ने तय भइसकेको छैन । अनौपचारिक कुराकानी गरेर विधानको व्यवस्था हेरेर चाँडै निकास दिनुपर्छ भन्ने लाग्छ ।'

# दैलेख बस दुर्घटनामा ४ जनाको मृत्यु

दैलेख/ दैलेखमा बुधबार राति बस दुर्घटना हुँदा कम्तीमा ४ जनाको मृत्यु भएको छ । कालीकोट जितेगडाबाट सुर्खेत आउँदै गरेको म १ ख ६६० नम्बरको बस दैलेखको आठबीस नगरपालिका २ सिस्नेमा दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको निर्वतमान मेयर खड्गराज उपाध्यायले जानकारी दिए ।

उनले भने, 'सुर्खेतबाट आउँदै गरेको बस दुर्घटना भएको छ । ४ जनाको शव भेटिएको छ ।'

निवर्तमान मेयर उपाध्यायका अनुसार बस यात्रुले



खचाखच भरिएका थिए । अहिले घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी खटिएका छन् ।

घटनास्थलमा पुगेका सशस्त्र प्रहरीका इन्स्पेक्टर बालकृष्ण श्रेष्ठले अँध्यारो भएकोले उद्धार कार्य कठिनाइ भएको छ ।

उनका अनुसार बसमा झन्डै ५० देखि ६० जना सवार रहेको अनुमान छ । ३४ जना आठबीसकै मेडिकलमा उपचार भइरहेको र २३ जना सुर्खेतको प्रदेश अस्पतालमा रिफर गरिएको छ ।

बस दुर्घटनाको कारण खुलिसकेको छैन । बस बुधबार राति ८ बजेतिर सडकबाट करिब ५० मिटर तल खसेको छ ।


## सूचना ! सूचना !

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र हेटौंडा, श्री हेटौंडा लिङ्केज टेक्निकल एकेडेमी प्रा.लि., हेटौंडाको संयुक्त आयोजनामा १६० कार्य घण्टाको कुखुरापालन, वैदेशिक एवम् युवा स्वरोजगार विशेष सीप अनुसारको योग्यता पुगेको युवाहरुले यो सूचना प्रकाशन भएको मितिले ५ दिनभित्र आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

शैक्षिक योग्यता :-५ कक्षा उत्तीर्ण ।

उमेर :- १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

संलग्न हुनुपर्ने कागजातहरु :-शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि ।

प्रथमपटक सूचना प्रकाशन मिति :- २०७९/०२/११ गते

आवेदन पाइने /पेश गर्नुपर्ने स्थान :- श्री हेटौंडा लिङ्केज टेक्निकल एकेडेमी प्रा.लि. हेटौंडा -४

आवेदन पेश गर्ने अन्तिम मिति: २०७९ /०२/१५ गते

अन्तवार्ता मिति : २०७९ /०२/१६ गते

तालिम संचालन गर्ने स्थान: हे.उ.म.न.पा-८, मकवानपुर

**सम्पर्क नं.: ०५७५२४४३०**

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।


Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## हार्दिक समवेदना



स्व. रामराजा नेपाल



स्व. काशिराम खराल

साविक नारायणी यातायात व्यवसायी संघका पूर्वकर्मचारीहरु काशीराम खराल (मुख्य इन्चार्ज) र रामराजा नेपाल (दुर्घटना सहायक) को यहि २०७८ साल जेष्ठ १ गते असामयिक स्वर्गारोहण भएको हुँदा आज १३ औं दिनको पुण्य तिथिमा स्वर्गीय दुबैजनाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

हिरालाल श्रेष्ठ
अध्यक्ष


सरोजकुमार खनाल
प्रबन्ध संचालक

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.**

(नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनी)

हेटौंडा-४, पारिजातपथ, मकवानपुर

## हार्दिक श्रद्धाञ्जली



स्व. काशिराम खराल

हाम्रा पुज्यनीय पिता/पति **काशिराम खराल**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै सागरमा पाल्नुहुने तथा समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण आफन्तजन तथा शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै निम्न मिति, समय र स्थानमा पितृप्रसाद ग्रहणको लागि सादर आमन्त्रण गर्दछौं ।

**निम्न:**

मिति : २०७९ जेठ १३ गते शुक्रबार
समय : दिउँसो ३:०० बजे
स्थान : हेटौंडा-१०, चाइनागेट अगाडि (आफ्नै निवास)

**छोरा/बुहारी:**
**रघुनाथ /मञ्जु खराल**
**रोशन/सत्या खराल**
**सुरज/अनिता खराल**
**सुदीप/अनिषा खराल**
**संजीव खराल**

**छोरी/ज्वाइँ**
**शिवकला/रामशरण रिमाल**

**प्रार्थी:**
**श्रीमती: धनमाया खराल**
*तथा*
**समस्त खराल परिवार, हेटौंडा-१०**

# बलात्कारसम्बन्धी कानुनको पुनरावलोकन गर्न डिनाको माग

साझाकुरा संवाददाता

हेटौंडा ११, जेठ/ नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्यक्ष 'डिना'ले बलात्कार र घरेलु हिंसासम्बन्धी कानुनको पुनरावलोकन गर्न माग गरेकी छन् ।

मकवानपुरे कांग्रेस नेतृ डिनालगायतको महिला नेताहरुको टोलीले काठमाडौंमा पत्रकार सम्मेलन गरी बलात्कार जस्तो जघन्य अपराधको मुद्दामा हदम्याद राख्न नहुने बताएका हुन् । सहमहामन्त्री डिनालगायतले बलात्कार र लैंगिक हिंसासम्बन्धी कानुनको पुनरावलोकन गर्न सरकार समक्ष माग राखेका हुन् । कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले पनि बलात्कारसन्बन्धी कानुनमा हदम्याद हटाउन सरकार तयार रहेको बुधवार प्रतिक्रिया दिएका थिए । डिनाले लामो समयदेखि निरन्तर प्रयास गरेपनि लैंगिक हिंसा र बलात्कारसम्बन्धी घटना नरोकिएको भन्दै चिन्ता व्यक्त गरिन् ।




घरेलु हिंसा र बलात्कारका घटना नियन्त्रणमा नआएको भन्दै डिनाले यसबारे थप छलफल गरेर दोषीलाई कडा सजायको व्यवस्था गर्नुपर्नेमा जोड दिइन् । बलात्कारको मुद्दामा उजुरीमै लाग्ने हदम्यादको व्यवस्थालाई सच्याउनुपर्ने उनको भनाई छ । हदम्यादका कारण पीडित महिला तथा बालिकाहरुले न्याय पाउन नसक्ने अवस्था आउन भएकोले यो राम्रो नभएको उनले बताइन् । 'वर्तमान कानुनी व्यवस्थामा पुनरावलोकन गरी कडा सजायसहितको व्यवस्था राखेर संशोधन गर्नुपर्छ ।,' डिनाले भनेकी छन् ।

यसैगरी, डिनालगायतका कांग्रेस महिला नेताहरुले संविधानको व्यवस्थाबमोजिम अहिलेसम्म पनि आमाको नामबाट नागरिकता पाउने अवस्था नबनेको भन्दै सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने माग राखे । यसैगरी, स्थानीय तहमा नीति कार्यक्रम र बजेटमा महिला लक्षित कार्यक्रम, स्वास्थ्यमा महिलाको सहज पहुँच र महिलालाई विभिन्न अवस्थामा परेका असरबारे सरकार लाई ध्यानाकर्षण गराइने उनले बताएकी छन् ।

# पालुङ क्याम्पसको आर्थिक समस्या हटाउनुपर्छः *विष्ट*

साझाकुरा संवाददाता

हेटौंडा ११, जेठ/ थाहा नगरपालिकाको पुरानो पालुङ क्याम्पसलाई आर्थिक रुपमा सबल बनाएर लैजानु पर्नेमा थाहा नवनिर्वाचित मेयर विष्णुबहादुर विष्टले जोड दिएका छन् ।

पालुङ क्याम्पसको समस्या नै आर्थिक भएकोले स्थानीय सरकारबाट प्रयास हुँदाहुँदै पनि अन्य निकायबाट सहयोग नभएकोले अपेक्षाअनुसारको काम गर्न नसकिएको उनले बताए । अब क्याम्पसलाई तीनै तहका सरकार को लगानी जुटाएर नगरकै शैक्षिक केन्द्रको रुपमा विकास गर्नुपर्ने उनले बताएका छन् । यसअघि प्रदेश र संघ सरकारबाट आर्थिक सहयोगलाई लिएर प्रष्ट रुपमा सम्बोधन हुन नसकेको भन्दै अब पहल गर्ने प्रतिबद्धता जनाए । पालुङ बहुमुखी क्याम्पसले थाहा नगरका नवनिर्वाचित जनप्रतिनिधिहरुलाई स्वागत तथा सम्मान गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै मेयर विष्टले नगरपालिकाबाट पूर्ण सहयोग रहने बताए ।

मेयर विष्टले क्याम्पसबाट संख्यात्मक र गुणात्मक दुवै किसिमको जनशक्ति उत्पादन गर्नु चुनौती रहेपनि स्थानीय सरकारले पूर्ण रुपमा सहयोग गर्ने बताए । क्याम्पसको शैक्षिक गुणस्तरलाई बढाउनु पर्ने बताउँदै विष्टले क्याम्पसको सबै खाले विकासमा सबै सरोकारवालाहरु एकजुट हुनुपर्नेमा जोड दिए । नवनिर्वाचित उपमेयर भरत गोपालीले थाहा नगरको समग्र शैक्षिक विकासमा आफू डटेर लाग्ने बताउ । क्याम्पस संचालक समितिका उपाध्यक्ष श्यामभक्त श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा संचालक समितिका कोषाध्यक्ष बिमलकुमार ढकाल, संचालक समिति सदस्य सुरेन्द्रमान प्रधान, बिमलकुमार विष्ट , सुदर्शन कार्की, रामशरण थापालगायतको आतिथ्यता थियो ।

कार्यक्रममा अभिभावकको तर्फबाट निरञ्जन अधिकारी, क्याम्पस संचालक समितिको तर्फबाट सुरेन्द्रमान प्रधान, प्राध्यापक संघकोतर्फबाट हरिकृष्ण कार्की, क्याम्पस प्रमुख रामहरि अधिकारी, कोषाध्यक्ष बिमलकुमार ढकाल, वडा अध्यक्षको तर्फबाट ३ नम्बर वडाका अध्यक्ष हिरेन्द्र र यमाभीलगायतकाले मन्तव्य व्यक्त गरेका थिए । उनीहरुले क्याम्पसको शैक्षिक गुणस्तरलाई बढाउँदै व्यवस्थापनमा थाहा नगरको ध्यानाकर्षण गराएका छन् ।

# अडिटर्स एसोसिएसन बागमतीको अध्यक्षमा पुनः बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा ११, जेठ/ लेखापरीक्षकहरुको साझा संस्था नेपाल अडिटर्स एसोसिएसन (अडान) बागमती प्रदेश समितिको अध्यक्षमा हेटौंडाका रामकुमार बर्तौला पुनः निर्वाचित भएका छन् ।

हेटौंडामा बुधबार भएको अडानको छैठौं प्रदेश अधिवेशनले बर्तौलाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । बर्तौला प्रदेश समितिको यसअघि पनि अध्यक्ष थिए । अडानको प्रदेश उपाध्यक्षमा द्वारिका रिजाल, सचिवमा तेजप्रसाद रुपाखेती, कोषाध्यक्षमा लवप्रसाद सुवेदी, सहसचिवमा लेखराज सापकोटा, सहकोषाध्यक्षमा गोकुलप्रसाद रुवाली चयन भएका छन् । अडानको कार्यसमिति सदस्यहरुमा मणिप्रसाद सुवेदी, तेजप्रसाद आचार्य, भेषराज कोइराला, मोहनप्रसाद पौडेल, निरञ्जन पराजुली र इन्द्रमणि गैरे चयन भएका छन् ।



नेपाल अडिटर्स एसोसिएसन (अडान)का केन्द्रीय अध्यक्ष मोहनराज रेग्मीको प्रमुख आतिथ्यता तथा बर्तौलाको सभाध्यक्षतामा अधिवेशन भएको हो । अधिवेशनलाई सम्बोधन गर्दै केन्द्रीय अध्यक्ष रेग्मीले लेखा परीक्षणलाई थप व्यवस्थित बनाउँदै लैजानु पर्नेमा जोड दिए । उनले लेखा परीक्षकहरुको हकहित र अधिकारको रक्षाका निम्त संस्थाले निरन्तर काम गरिरहेको बताउँदै आगामी दिनमा थप बलियो भएर अगाडि बढ्ने बताए । उनले लेखा परीक्षणलाई राज्यबाट थप संरक्षणको आवश्यक रहेको औंल्याए ।

कार्यक्रममा केन्द्रीय वरिष्ठ उपाध्यक्ष केदार प्रसाद पौडेल, अडानको केन्द्रीय सल्लाहकार समिति संयोजक सुर्य प्रसाद उपाध्याय, अडानका केन्द्रीय उपमहासचिव भोलानाथ पाठक, अडानका केन्द्रीय उपाध्यक्ष रामजी अधिकारी, केन्द्रीय सचिव राजेन्द्र प्रसाद ढुंगाना, केन्द्रीय सदस्य प्रकाश ढकालगायतको आतिथ्यता थियो । उनीहरुले लेखा परीक्षकको क्षमता अभिवृद्धिमा ध्यान दिन अडान नेतृत्वको ध्यानाकर्षण गराएका छन् । अडान बागमती प्रदेश उपाध्यक्ष देवीप्रसाद डल्लाकोटीले कार्यक्रममा स्वागत मन्तव्य राखेका थिए ।


स्वास्थ्यमन्त्रालय
स्वास्थ्यनिर्देशनालय
**स्वास्थ्य कार्यालय**
मकवानपुर
(प्रथमपटक प्रकाशित मितिः २०७९/०२/११)

**ल्यापटप तथा प्रोजेक्टर खरीदसम्बन्धी दरभाउपत्र आव्हान्कोसूचना**

यस कार्यालयको आ.व. २०७८/७९को स्वीकृत कार्यक्रमअनुसार सिलबन्दी दरभाउपत्रको माध्यमबाट विद्यालयमा सूचना सन्चार सामग्री, ल्यापटप तथा प्रोजेक्टर खरिद गरी वितरण गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म वा संस्थाहरुले मिति २०७९/०२/२५ गतेसम्म रु.१०००/०० (रुपियाँ एक हजारमात्र) पछि फिर्ता नहुने गरी राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड, शाखा कार्यालय हेटौंडामा रहेको यस कार्यालयको कोड नं. ३५००२३२०३३ खाता नं. १०००२०००१०००० राजश्व शीर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल राजश्व भौचरसहित दरभाउपत्र दाताले आ.व. २०७८/७९ का लागि नवीकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आ.व.२०७७/७८ को करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी मिति २०७९/०१/२६ गते दिनको १२:०० बजेभित्र e–submission मार्फत् मात्र भर्न सकिनेछ । यसको लागि www.bolpatra.gov.np मा फारम उपलब्ध छ । यस सम्बन्धमा विस्तृत सूचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | धरौटी रकम | कै |
|---|---|---|---|---|
| १ | 2–SQ–2078/79 | LAPTOP तथा PROJECTOR खरीद | रु. ४०,०००.०० | |

# अमेरिकी उपमन्त्रीले नेपाली भूमिमा तिब्बती शरणार्थीहरुलाई उक्साउने काम गरिन्: *ओली*



साझाकुरा संवाददाता

काठमाडौं/ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अमेरिकी विदेश मन्त्रालयको नागरिक सुरक्षा, प्रजातन्त्र तथा मानवअधिकार सम्बन्धी उपमन्त्री उज्रा जियाले नेपालस्थित तिब्बती शरणार्थी क्याम्पमा पुगेर शरणार्थीहरुलाई उक्साउने काम गरेको आरोप लगाएका छन् ।

एमाले संसदीय दलको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले जियाको भ्रमणको क्रममा नेपालको परराष्ट्र नीतिको स्थापित मूल्य र मान्यतालाई खण्डित गर्ने काम भएको बताए ।

'अमेरिकी उपसहायक विदेशमन्त्रीको नेपाल भ्रमणमा नेपालको परराष्ट्र नीतिका स्थापित मूल्य र मान्यताहरु छन् त्यसलाई खण्डित गर्ने प्रकारको व्यवहार भयो', अध्यक्ष ओलीलाई उद्धृत गर्दै एमाले संसदीय दलका प्रमुख सचेतक विशाल भट्टराईले भने, 'नेपालले जहिलो पनि राष्ट्रिय हितलाई प्राथमिकता दिन्छ, हामी अहस्तक्षेप र कुनै पनि देशको मामिलामा जहिले पनि असंलग्न रहँदै आएको स्थितिमा तिब्बती शरणार्थीको क्याम्पमा पुगेर जुन प्रकारले उक्साउने काम भयो र नेपाली भूमिलाई प्रयोग गर्ने त्यो वास्तवमा बेठीक थियो भन्ने विषय पनि हाम्रो पार्टीको अध्यक्षले सविस्तार चर्चा गर्नु भएको थियो ।'

बैठकमा अध्यक्ष ओलीले सधैंभर नेपालको परराष्ट्र नीति असंलग्न रहँदै आएको पनि स्मरण गराएका थिए । उपमन्त्री जियाले गत साता तीन दिने नेपाल भ्रमण गरेकी थिइन् । भ्रमणको क्रममा उनले ललितपुरको जालवालेखमा रहेको तिब्बती शरणार्थी शिविरको पनि भ्रमण गरेकी थिइन् ।

# जनप्रतिनिधिको निगरानी गर्न गठबन्धनले समिति बनाउने

हेटौंडा, ११ जेठ/ मकवानपुरमा सत्तारुढ गठबन्धनले नवनिर्वाचित जनप्रतिनिधिको निगरानी गर्न अनुगमन समिति बनाउने भएको छ ।

गठबन्धनबाट निर्वाचित जनप्रतिनिधिलाई सफल बनाउन गठबन्धनले राजनीतिक नेतृत्वको संयोजकत्वमा दलका प्रतिनिधि संलग्न रहने समिति बनाउने तयारी गरेको हो । गठबन्धनले निर्वाचन अगाडि प्रत्येक स्थानीय तहको वडासम्म राजनीतिक संयन्त्र निर्माण गरेको थियो । सोही संयन्त्रलाई व्युँझ्याउने तयारीमा दलहरु रहेको बुझिएको छ । दलहरुले चुनाव अगाडि गरेको घोषणा पत्रलाई पूर्णरुपमा कार्यान्वन गर्न र आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटलाई जनमुखी बनाउने तयारी स्वरुप संयन्त्र निर्माण गर्न लागेको जनाएका छन् । गठबन्धनले हाल आआफ्नो स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिलाई शुभकामना दिँदै गठबन्धनको सल्लाह, सुझाव र घोषणापत्र अनुसार अगाडि बढ्न निर्देशन दिइरहेको छ । नेपाली कांग्रेस, माओवादी केन्द्र तथा नेकपा (एकीकृत समाजवादी) का शीर्ष नेताहरुबीच सहमति भइसकेको समेत जनाइएको छ । संविधान अनुसार वैशाख १० गतेभित्रमा स्थानीय तहले आगामी आवको नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्ने व्यवस्था रहेको छ । सोहीअनुसार गठबन्धनको घोषणापत्र अनुसार बजेट निर्माण गर्न पनि संयन्त्रले सहयोग गर्ने बताइएको छ ।

**पार्टी गर्दै हुनुहुन्छ ?**


शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**हार्दिक बधाई तथा शुभकामना**


मिनाकुमारी लामा (मेयर)


राजेश बानियाँ (उपमेयर)



२०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीयतहको निर्वाचनमा निर्वाचित हेटौंडा उपमहानगरपालिकाका मेयर श्री मिनाकुमारी लामा, उपमेयर श्री राजेश बानियाँ तथा वडा नं. ९ मा नवनिर्वाचित वडा अध्यक्ष श्री सुकराम केसी तथा सदस्यहरु श्री विष्णु रानामगर, श्री वीरेन्द्रकुमार लामा, श्री सुनिता दर्नाल र श्री कमला पौडेलज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

राजकुमार श्रेष्ठ (अध्यक्ष) एवम्
**पशुपति युवा क्लब, परिवार**
हेटौंडा-९, पशुपतिनगर

**जैविक मलका फाइदाहरू**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थानः
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

**Printer Shop**
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |


Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा
वेवसाईट
www.
sajhakuranews.com

साझाकुरा
खोजी खोजी पढौं ।
दैनिक रुपमा समाचार पढौं ।

**कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि**

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
**३ महिना पूरा भएपछि बुस्टर खोप**
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।




कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड १९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल